माननीय अर्थ मन्त्री भरत प्रसाद शाहले मधेश प्रदेश सभा समक्ष प्रस्तुत गर्नु भएको मधेश प्रदेशको आर्थिक वर्ष २०८१/०८२ को विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमहरुको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु

अर्थ मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम, नेपाल
जेष्ठ, २०८१

१. मधेश प्रदेश सरकारको अर्थ मन्त्रीको हैशियतले यस गरिमामय प्रदेश सभामा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ (पहिलो संशोधन, २०७६ समेत) को व्यवस्था अनुरुप विनियोजन विधेयक, २०८१ का सिद्धान्त, उद्देश्य, प्राथमिकता  र प्रमुख नीतिहरु प्रस्तुत गर्न उपस्थित भएको छु।

२. आगामी आर्थिक वर्षको बजेट मधेश प्रदेशको गरिबी निवारण, उत्पादन वृद्धि र सामाजिक न्याय सहितको आर्थिक समृद्धि पहिलो प्रथमिकतामा हुने गरी तर्जुमा गरिनेछ। वित्तीय संघीयताको सफल कार्यान्वयन, प्रदेशको आयमा बढोत्तरी, प्रदेशको सन्तुलित विकास र समन्यायिक विकासलाई प्रथमिकतामा राखी बजेट तर्जुमा गरिनेछ । यसबाट स्रोत साधनको न्यायोचित र प्रभावकारी परिचालन भई विकासको प्रतिफल आम नागरिक समक्ष पुर्याउने तर्फ परिलक्षित हुने जानकारी गराउँदछु।

**माननीय सभामुख महोदय,**

म मधेश प्रदेशको अर्थतन्त्रको संक्षिप्त स्थिति चित्रण सहित अर्थतन्त्रमा रहेका सवलता र अनुभूत गरिएका समस्या एवं चुनौतीलाई संक्षिप्तमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

३. मुलुकको राष्ट्रिय अर्थतन्त्रको स्वरुप र शैलीमा नै यस प्रदेशको अर्थतन्त्र अघि बढिरहेको हुन्छ । देशको समग्र अर्थतन्त्रमा यस प्रदेशले मूलतः कृषि क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको छ। यस्तो योगदानको क्षेत्रलाई प्रदेशको सफलताको रुपमा लिई थप प्रोत्साहन हुनेगरी बजेट तथा कार्यक्रम समावेश गर्न प्रथमिकता दिइरहन आवश्यक छ ।

४. संविधानले निर्दिष्ट गरे अनुसार प्रदेशको आन्तरिक स्रोत परिचालन र प्राप्ति कार्य अपेक्षा गरिए अनुसार सुधार गर्न सकिएको छैन ।जसको कारण राजस्व संकलनको दायरा प्रभावकारी रुपले बढ्न सकेको छैन ।

५. कार्यान्वयन योग्य आयोजना छनौट गर्ने अभ्यासमा कमजोरी हुनु संरचना र कार्यविधि समयमा नै नबन्नु जस्ता व्यवस्थापकीय कमजोरी रहेका छन्। आयोजनाहरुको कार्यान्वयन प्रक्रिया सम्मत अघि बढाउन सक्दा मात्रै बजेट कार्यान्वयन प्रभावकारी हुने अवस्था छ ।

६. प्रत्येक वर्ष जननिर्वाचित सम्मानित प्रदेश सभाबाट स्वीकृत गरिएका बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति असाध्यै न्यून हुने गरेको प्रवृत्ति सर्वविदितै छ । लक्ष्य निर्धारण गरी नागरिक समक्ष प्रतिवद्धता गरिए अनुसार बजेट तथा कार्यक्रमलाई कार्यान्वयन गरी-गराई सार्वजनिक खर्च बढाउनु पर्ने चुनौति रहेकोले यसलाई सम्बोधन गर्ने गरी बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने अनिवार्यता रहेको छ ।

७. प्रदेशभित्र रहेको आर्थिक क्रियाकलापको सुस्तता र स्वास्थ्य एवं शिक्षासँग सम्बन्धित सार्वजनिक सेवा प्रदान गर्ने प्रभावकारी प्रणालीको कमजोरीका कारण प्रदेशबाट बाह्य क्षेत्रमा हुने पलायन रोक्नु

चुनौतिपूर्ण रहेको छ। यसका लागि उच्च र दिगो आर्थिक वृद्धि हासिल गरी उत्पादन वृद्धिसँगै रोजगारीको अवसर सृजना गर्नुपर्ने हुन्छ ।

८. मधेश प्रदेशले अर्थतन्त्रमा उच्च योगदान दिन सक्ने देखिएका कृषि, उद्योग र सेवा क्षेत्रहरुमा सार्वजनिक लगानी बढाउने, निजी लगानी लगायतकका अन्य सहलगानीहरुलाई प्रोत्साहन गरी अर्थतन्त्रको आधार मजबुत बनाउने किसिमले विषय क्षेत्रगत नीति तथा कार्यक्रममा सुधार गर्दै लैजानु पर्ने आवश्यकता रहेको छ ।

९. संघीय स्वरुप अनुसार तीन तहका सरकारको संरचनागत व्यवस्था अनुसार कार्य हुनु पर्दछ। कार्यान्वयनमा हुने दोहोरोपनालाई कम गराउने गरी संविधानको धारा २३२ अनुसारको सहकारितामा आधारित कार्यान्वयन प्रणालीमा योगदान गर्ने किसिमका उदार नीति नहुँदा आपसी सहयोग प्रभावकारी हुन सकेको छैन । यसका लागि प्रदेशले स्थानीय तहसँगको सहकार्य र समन्वय सवल गराउने गरी प्रयास गर्नु आवश्यक छ। प्रदेश र स्थानीय तहलाई यस प्रकारको सहजीकरण संघीय सरकारबाट हुनु पर्ने अपेक्षा समेत मधेश प्रदेश गर्दछ ।

१०. प्रदेश विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकता तय गर्दा नेपालको संविधान, दोस्रो प्रादेशिक आवधिक योजनाको अवधारणा पत्रमा प्रस्ताव गरिएको नीति, सन् २०२६ सम्ममा विकासशील राष्ट्रमा स्तरोन्निको लागि लिनुपर्ने रणनीति, सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य अनुसारको प्रदेशका तर्फवाट गर्नुपर्ने योगदान, प्रदेश सरकारको नीति तथा कार्यक्रम र निर्वाचनका समयमा राजनितिक दलहरुले गरेका प्रतिबद्दता समेतलाई आधारको रुपमा लिएको छु। साथै प्रदेशलाई राष्ट्रिय अर्थतन्त्रमा योगदान दिने एक मजबुत क्षेत्रको रुपमा पहिचान युक्त गराउने गरी आधार तयार गर्नुपर्ने विषयलाई महत्वपूर्ण सन्दर्भको रुपमा लिएको छु।

**माननीय सभामुख महोदय,**

अव म मधेश प्रदेश विनियोजन विधेयक, २०८१ मा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त प्रस्तुत गर्ने अनुमति चाहन्छु।

११. प्रदेशवासीहरुलाई संघीय शासन प्रणालीसँग भरोसा जगाउने र वित्तीय सम्बन्ध मार्फत यसका लागि योगदान गर्ने तर्फ बजेटका सिद्धान्त र प्राथमिकता केन्द्रित गरेको छु।

**१२. राष्ट्रिय अर्थतन्त्रको दरिलो आधार मधेश प्रदेशः**

प्रदेशमा सरकारी, निजी र सहकारी क्षेत्रको लगानी मार्फत आर्थिक वृद्धि हासिल गरी अर्थतन्त्रको विकास गर्नका लागि उच्च संभावना रहेको कृषि क्षेत्र एवं उद्योगहरुमा लगानी केन्द्रित गरी उत्पादन र उत्पादकत्व बढाउने, उत्पादन मूलक उद्योग र सेवा क्षेत्रको विस्तार गर्ने, साँस्कृतिक एवं पर्यापर्यटनको माध्यमबाट मधेशलाई खास गन्तव्यको रुपमा विकास गर्दै लैजाने, पूर्वाधार क्षेत्रको

विकास मार्फत अन्य आर्थिक गतिविधिका लागि परिपूरकता कायम गराउँदै लैजाने जस्ता कार्यहरु गरी रोजगारीका अवसर बढाउन आगामी आर्थिक वर्षको बजेट केन्द्रित हुनेछ ।

**१३. सामाजिक न्याय र समविकासः**

स्रोत साधनको न्यायोचित वितरण गरी सामाजिक क्षेत्रका क्रियाकलापलाई प्रोत्साहन गरिनेछ। सार्वजनिक विद्यालयहरुको शिक्षाको गुणस्तरमा सुधार ल्याउन नमूना सामुदायिक विद्यालय, एक जिल्ला एक शैक्षिक पार्क, स्वस्थ विद्यालय जस्ता अभियानलाई प्रथमिकतामा राखिनेछ। प्रादेशिक लगानीको प्रतिफल सवै जात/जाती, वर्ग समुदायमा समान रुपले पुग्ने गरी न्यायोचित प्रणाली संस्थागत गर्न योगदान गरिनेछ।

**१४. संघीयता सबलीकरणः**

संघीय शासन प्रणाली नै हालको नेपालको संविधानको खास विशेषता भएकोले तीनै तहको सरकारको विचमा सहकार्य र एकताको वातावरण सृजना गर्न वित्तीय हस्तान्तरण प्रणाली र सहकारितामा आधारित कार्यान्वयन प्रणाली मार्फत योगदान गर्ने संदेश प्रवाह हुने गरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गरिनेछ।

**१५. सन्तुलित विकासः**

प्रदेशभित्रका सवै भुगोल, जातजाति तथा भाषा/भाषी समुदायलाई समन्यायिक राज्य प्रणालीको अनुभुति गर्न सक्ने गरी वास्तविक आवश्यकता र औचित्यताको आधारमा कार्यक्रम र आयोजनाहरु चयन गर्न ध्यान दिइनेछ।

**१६. आर्थिक विकासको लागि लगानीमैत्री वातावरण निर्माणः**

मधेश प्रादेशको गौरव र पहिचान झल्काउने किसिमका आयोजनामा विनियोजन प्राथमिकता रहने लक्ष्य लिइनेछ। उत्पादन र उत्पादकत्व अभिवृद्धिमा सहकारी र निजी क्षेत्रलाई सार्थक रुपमा सहभागी गराइनेछ।

१७. कृषि क्षेत्रको रुपान्तरण गरी यस क्षेत्रलाई व्यवसायिक गराउने, सेवा र उद्योग व्यवसायको प्रवर्द्धन गर्ने, स्वरोजगारलाई प्रोत्साहन गर्ने जस्ता कार्यक्रम मार्फत रोजगारी बढाउने तर्फ बजेट केन्द्रित हुनेछ।

**१८. जवाफदेही बजेट प्रणाली र आर्थिक सुशासनः**

बजेट क्रियाकलाप निर्धारण गर्दा नै कार्यान्वयन गर्ने निकाय र काम यकीन गराइनेछ। स्वीकृत मापदण्ड र कार्यविधि अनुसार काम गर्नुपर्ने परियोजना बाहेक अन्यमा एकमुष्ट रुपमा खर्च राखी पछि बाँडफाँट गर्ने गरी रकम विनियोजन गर्ने अभ्यासलाई निरुत्साहित गरिनेछ। विकास कार्यक्रमहरु कार्यान्वयन हुने क्रममा नागरिकले अनुभूति गरिरहेका गलत शैलीहरुमा सुधार गर्दै लैजानु पर्नेछ।

यसबाट विकास आयोजनाको कार्यान्वयन सम्बन्धमा नागरिक तहमा व्याप्त गुनासाहरुमा कमी हुने गरी कार्यान्वयन प्रणालीमा सुधार गरी सरकारप्रति नगरिकको विश्वास बढाउन योगदान गरिनेछ।

१९. चालु खर्चलाई अनुशासनमा राखी मितव्ययी आर्थिक प्रशासनको सन्देश दिइनेछ।

२०. आर्थिक अनुशासनका लागि समयमा खरिद प्रक्रिया पूरा गर्ने, खुला एवं प्रतिस्पर्धी खरिद विधि अवलम्बन गर्ने, त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन सार्वजनिक गर्ने, खुला रुपमा आर्थिक सूचना प्रवाह गर्ने, बेरुजुको अंक घटाउन र आर्थिक अनुशासन कायम गराउन लक्ष्य निर्धारण गरी बेरुजु फछ्र्यौट गर्ने, गराउने र समपरीक्षण गराउने कार्य प्रथमिकताका साथ अघि बढाइनेछ । टुक्रे र साना आयोजनामा बजेट छर्ने प्रवृतिलाई पूर्णतः निरुत्साहित गरिने गरी कार्यक्रम प्रस्तुत गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म विनियोजन विधेयक, २०८१ मा समावेश हुने बजेट तथा कार्यक्रमको प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**२१. कृषि क्षेत्रको सवलीकरणः**

प्रदेशको उच्च सम्भावना भएको कृषिक्षेत्रलाई योगदान गर्ने क्रियाकलापहरु प्राथमिकतामा रहनेछन् ।

**२२. स्वास्थ्य सेवा, सुरक्षित खानेपानी र सरसफाईः**

यस प्रदेश सामाजिक विकास सूचकाङ्कमा पछि परेको अवस्था सुधार गर्न खास प्राथमिकता दिनुपर्ने अनिवार्यता सर्वविदितै छ। सो अनुसार बजेट विनियोजन गरिनेछ।

**२३. गुणस्तरीय सामुदायिक शिक्षाः**

सुशिक्षित समुदायको निर्माण र सवल नागरिक क्षमता बढाउदै लैजान सामुदायिक शिक्षालाई प्रभावकारी गराउनु पर्ने हुन्छ। व्यवहारिक शिक्षा प्रवर्द्धन गर्ने गराउने गरी बजेट प्रस्तुत गरिनेछ।

**माननीय सभामुख महोदय,**

माथि उल्लेख गरको सिद्धान्त र प्राथमिकाताका आधारमा बजेट बिनियोजन गर्दा प्रदेशको सामाजिक आर्थिक हित हुने परिणामुखी आयोजना र कार्यक्रमलाई प्राथमिकता दिइनेछ। वित्तीय अनुशासन कायम गर्न बजेटलाई पुर्णरुपमा प्रणालीमा आधारित गराउने कार्यको थालनी गरिनेछ ।

अन्त्यमा, यस सम्मानित प्रदेश सभा समक्ष प्रस्तुत विनियोजन विधेयक, २०८१ को सिद्धान्त, उद्देश्य र प्राथमिकता उपर छलफल भई माननीय प्रदेश सभा सदस्यज्यूहरुबाट रचनात्मक सुझावको अपेक्षा गरेको छु। माननीय प्रदेश सभा सदस्यज्यूहरुबाट प्राप्त हुने सुझावहरुलाई मार्गदर्शनको रुपमा लिँदै आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

**धन्यवाद !**